घोडाघोडी नगरपालिका
फोन नं.०९१-४०३०६४

# नगर कार्यपालिकाको कार्यालय

सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/०६/१६

यस घोडाघोडी नगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गतका आधारभुत स्वास्थ्य केन्द्रहरुमा र घोडाघोडी नगरपालिकाले संचालन गर्ने कोभिड अस्थाई अस्पतालको लागि सेवा करार सम्झौता मार्फत कामकाजमा लगाउने गरि जनशक्ति पदपुर्ती गर्नु पर्ने भएकोले देहायका पदमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गर्नहुन यो सुचना प्रकासन गरिएको छ ।

१. आवश्यक पदहरु :-

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | श्रेणी/तह | सेवा | समुह | उपसमुह | सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०७७-७८ | करार (खुला) | मेडिकल अफिसर | आठौं | स्वास्थ्य सेवा | चिकित्सा | - | १ जना |
| २ | २/२०७७-७८ | करार (खुला) | स्टाफ नर्स | पाचौं | स्वास्थ्य सेवा | नर्सिङ | - | २ जना |
| ३ | ३/२०७७-७८ | करार (खुला) | अ.हे.व. | चौंथो | स्वास्थ्य सेवा | हे.ई. | - | ४ जना |
| ४ | ४/२०७७-७८ | करार (खुला) | अ.न.मी. | चौंथो | स्वास्थ्य सेवा | नर्सिङ | - | ५ जना |

**२. छनौटका आधारहरु** :- विज्ञापन नम्बर १/२०७७-७८ र २/२०७७-७८ को लागि संक्षिप्तीकरण र अन्तबार्ता त्यसै गरी विज्ञापन नं. ३/२०७७-७८ र ४/२०७७-७८ को लागि संक्षिप्तीकरण लिखित र अर्न्तवार्ता रहने ।

**३. दरखास्त दिने अन्तिम मिति** :- २०७७/०६/३० गते

**४. उम्मेदवारको उमेर हद** :- विज्ञापन दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

**५. न्युनतम् शैक्षिक योग्यता** :-

- **मेडिकल अफिसरको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट (MBBS) चिकित्सा शास्त्रमा स्नातक तह उत्तिर्ण गरेको ।
- **स्टाफ नर्सको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL (Staff Nurse) नर्सिङ कोर्ष उर्तिण गरेको ।
- **अ.न.मी को हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोर्स उर्तीण गरेको ।
- **अ.हे.व.को हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. कोर्स उर्तीण गरेको ।

**६. तलव स्केल** :- नगरपालिकाको निर्णयानुसार ।

**७. पेश गर्नुपर्ने कागजातहरु** :-

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- न्युनतम् शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- नेपाल चिकित्सा परिषद्मा दर्ता गरेका दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता गरेका दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, नेपाल नर्सिङ परिषद्मा दर्ता गरेका दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।(नविकरण म्याद भित्रको)

बहादुर सिंह

घोडाघोडी नगरपालिका

फोन नं.०९१-४०३०६४

# नगर कार्यपालिकाको कार्यालय

सुखड, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

८. आवेदन दस्तुर :-

१. मेडिकल अफिसरको लागि रु १०००।-,

२. स्टाफ नर्सको लागि रु ७००।-,

३. अ.न.मी. को लागि रु ५००।-

४. अ.हे.व. को लागि रु ५००।-

९. छनोटका आधारहरु :-

दरखास्त पेश गर्ने अन्तिम दिन सम्म पेश भएका विज्ञापनहरुको छनोट तपशिल बमोजिमको संक्षिप्तीकरण विधिका आधारमा मौखिक सूचि तयार गरिनेछ ।

१. शैक्षिक योग्यता वापत- ६० अंक (विशिष्ट श्रेणी वापत ६०,, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५)

२. कार्यअनुभव वापत- १० अंक (प्रतिवर्ष २ अंकका दरले)

३. स्थानीय बासिन्दा लाई देहाय बमोजिम अंक प्रदान गरिनेछ :

क. सम्बन्धीत नगरपालिकाको बासिन्दा भए- १० अंक

ख. सम्बन्धीत जिल्लाको बासिन्दा भए- ७ अंक

ग. सम्बन्धीत प्रदेशको बासिन्दा भए- ५ अंक

घ. अन्य प्रदेशको बासिन्दा भए- ३ अंक

१० मौखिक परिक्षा

मौखिक परिक्षाको मिति संक्षिप्त सुचि प्रकाशन भई सकेपछि तय गरिनेछ ।

(नोट : दरखास्त फाराम घोडाघोडी नगरपालिकाबाट प्राप्त गर्न सकिनेछ वा नगरपालिकाको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ ।)

खगेन्द्र बहादुर सिंह

नि. प्रमुख प्रशासकीय अधिकृत